# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुन १५ गते २०१२ साल

## उद्योग वाणिज्य मन्त्रालयको सूचना

पत्रसंख्या ४।रा. वा. वि. (ख) ०१२ मिति ०१२।११।३

चामल, पीठो, तेल, दाल इत्यादिको मीलहरूमा (१) कुनै जिल्लामा बढी कुनै जिल्लामा घटी तलबमा लिइयो (२) नचलेका मीलहरूको पनि तलबमी बुझाउनु पऱ्यो भन्ने बराबर रिपोर्ट र उजुरी परेको (३) कुनै कुनै मीलहरूले तलबमी तिरी नआएको (४) २ वर्ष काम चलाई सकेपछि गोस्वाराको राय, विचारबाट तलबमी बढाउने भैरहेबाट सबै ठाउँमा एकैनाश हुन नगएको र (५) कुनै कुनै मीलहरू रजिष्ट्रै नै नभएको समेतबाट यस विषयमा मुलुकभरी समाननीति हुन आवश्यक भएकोले उक्त मीलहरूको सुविधा र प्रगतिको ख्याल राखी यसबारे भैरहेका नियममा हेरफेर गरी अब उप्रान्त देहायबमोजिम गर्ने सरकारबाट ०१२।६।१ मा निर्णय भएकोले सो कुरा सर्वसाधारणलाई विदित होस् भनी यो सूचना प्रकाश गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. जुन ठाउँमा मील राख्ने हो सो ठाउँको इलाका गोस्वारामा मील राख्ने ठाउँको चारकिल्ला र चलाइने मीलको हर्स पावर खोली दरखास्त दिनू ।

२. त्यस्तो दरखास्त परेपछि इलाकागोस्वाराले निवेदक नेपाली नागरीक हो होइन र जुन ठाउँमा मील राख्ने हो सो ठाउँमा मील रहँदा कुनै किसिमको बाधा या कसैलाई पीर मर्का पर्छ पर्दैन बुझी सरजमीन गराई आफ्नो रायसमेत लेखी उद्योग विभागमा रिपोर्ट पठाउनू ।

३. इलाका गोस्वाराको लेखिएबमोजिमको रिपोर्ट दाखिल भएपछि निवेदक-लाई इजाजत दिनहुने देखिएमा उद्योगविभागले मील राख्न दिइ भन्ने इलाका गोस्वारालाई लेखी पठाउनू ।

४. उद्योग विभागको इजाजत भएपछि स्थानीय गोस्वाराले चाहिने व्यहोराको कबुलियत गराई मील राख्न इजाजत दिनू ।

५. मील बनाउने दरखास्त दिंदा प्रति दरखास्त रू. १०० दरखास्त फी र इजाजतपत्र दिंदा रू. १०० दस्तूर लिइनेछ ।

६. इजाजतपत्र पाएका मितिले १ वर्षभित्र बनाउने काम सुरु गरी २ वर्ष-भित्र मील चलाई सक्नुपर्छ कुनै कारणले लेखिएको समयमा काम सुरु गर्न या मील चलाउन नसकेमा ६।६ महीनाको थप गरी १ वर्षसम्मको म्याद थप हुन सक्नेछ माथि लेखिएबमोजिम नभएको इजाजतपत्र बदर गरिनेछ।

७ मील चालू भएको वा इजाजत पाएको दोस्रो वर्षमा जुन पैल्हे हुन्छ सो मितिले पहिलो र दोस्रो वर्ष वर्ष २ लाई बि. एच्. पी. भए रू, १० एन्. एच्. पी. भए रू. २० प्रति हर्स पावरको सलामी लिइनेछ त्यसपछि तेस्रा र चौथा वर्ष प्रति बि एच्. पी. भए रू. १२॥ एन्. एच् पी. भए

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
308

रु. ३७॥ प्रति हर्ष पावरका दरले सलामी लिइनेछ सातौं वर्षदेखि बी. एच्. पी. भए २०१ एन्. एच्. पी. भए ६० का दरले प्रति हर्स पावर को सलामी लिइनेछ।

८. केही अदृष्ट परिस्थिति परीआई मीलको काम सुचारुरूपले चल्न नसकेमा सो कारण र सबूदसमेत देखाई उद्योग विभागमा दरखास्त दिनुपर्छ। त्यस्तो दरखास्त आएमा उद्योग विभागले इलाकागोस्वाराद्वारा जाँच बुझगर्न लगाई सलामी बढाउन नहुने अवस्था ठहरेमा १।१ वर्षको पटक गरी ३ पटकसम्म सलामी नबढाउने उद्योगविभागको तजवीज हुनेछ।

माथि लेखिएबमोजिम सलामी लाग्ने भएकोले मील चलाउन उद्योग विभागको इजाजत लिनुपर्छ इजाजत नलिई मील चलाएको ठहरे लाइसेन्स कैन्सिल हुनेछ।

९. उपरोक्त सलामी प्रतिवर्ष भुक्तान नभएका ३५ दिनभित्र सलामी बुझाई रसीद लिई उद्योग विभागमा पठाउनुपर्छ। म्यादमा नबुझाएमा ३ महीनासम्म सयकडा २० जरिवाना लाग्नेछ ३ महीनाभित्र पनि बुझाउनु पर्ने सलामी नबुझाएको ठहरे इजाजत खारेज गरी मील चलाउन पाउने छैन।

१० अघिदेखि मील चलाई रहेकाहरूलाई पनि आइन्दालाई माथि लेखिए-बमोजिम सलामी लिइनेछ। इजाजत लिई मील बनाउन नसक्ने पनि अधिकारहरूलाई पुरानो सलामी एकाउ नगरी लगत काटी दिनु।

११ मीलवालाहरूले प्रतिवर्ष भएको कामको र माथि दफामा लेखिएको मेशिनरी थप घट भएको व्यहोरा कत्ति फरक नपर्ने गरी ६।६ महीनामा उद्योगविभागमा रिपोर्ट पठाउनुपर्छ। फरक पारी रिपोर्ट दिने वा रिपोर्ट नदिने मीलहरूलाई चुकअनुसार ५०० सम्म जरिवाना वा लाइसेन्स नै पनि कैन्सिल गर्ने उद्योग विभागको तजवीज हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२ मील बनाउनेहरूले आफ्नो हक पुग्ने जग्गामा या २०० गज वरपर कसैको घर नपर्ने गरी बनाउनुपर्छ । मील रहेको ठाउँभन्दा २०० गजभित्र कसैको घर नरहेकोमा या बाटो र सार्वजनिक अथवा सरकारी जग्गा मिच्ने गरी नबनाई आफ्नै हक पुग्ने जग्गामा बनाएकोमा सन्धिसर्पन पर्‍यो भन्ने उजूरे लाग्ने छैन ।

१३ उपरोक्त निर्णयको दफा १०,११ बमोजिम सलामी लिनुपर्ने हुनाले रजिष्टर्ड नगरी मील चलाई रहनेहरूले मील खोल्न इजाजत लिंदा खोल्नुपर्ने सबै व्यहोरा खोली उपत्यकामा मैजिष्ट्रेटमार्फत र जिल्लामा गोस्वारामार्फत ३५ दिनभित्र उद्योग विभागमा रजिष्टर्ड गर्न दरखास्त पठाउनु र अबदेखि रजिष्टर्ड भै चालू भैराखेका मीलहरूले पनि सलामी निर्धारित गर्न चालू भएको मिति वर्ष पावरसमेत खोली उपत्यकमा मैजिष्ट्रेट मार्फत र जिल्लामा गोस्वारा मार्फत उद्योग विभागमा दरखास्त दिनु सो बमोजिम नगरेमा मील चालू गर्न पाइने छैन ।

आज्ञाले—

भीमबहादुर,

सेक्रेटरी –उद्योग वाणिज्य मन्त्रालय,

गोरखापत्र छापाखानामा मुद्रित । मेनेजर प्रेमराज शर्मा .

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।